अन्तरराष्ट्रिय पर्वत समाज विधान २०७६

प्रस्तावना

पर्वतबासिहरु कहिलेदेखि विदेशमा गए भन्ने अधिकारिक जानाकारी उपलब्ध नभए पनि सन् १८१६ को सुगौली सन्धि १९४७ ताका ब्रिटिस आर्मी ,१९८५ पछि अरब लगाएत मलाय भनिने मलेसियामा नेपाली कामदारको रुपमा नेपाल सरकारको मातहत वा गैर कानुनी रुपमा काम गर्न सुरु भएको थियो । नेपालको मानचित्रको मध्यभागमा कालीगण्डकी नदि र मोदी खोला किनाराका पतिचौर, ज्ञादी, कुस्मा, पाङ्ग,फलेवास,बाच्छा,हुवास,त्रिबेणी लगायतका फाटहरु देखि हम्पाल, पन्चासे, डहरे, चिसापानीका लेकहरुका बिचका खोचहरु समेटिएर बनेको नेपालको चौथो सानो जिल्ला हो पर्बत । समुन्द्री सतह बाट ५२० मिटरमा सेतिबेनी देखि ३३०९ मिटर अग्लो हम्पालको लेक बिचमा अवस्थित छ । संघीय लोकतान्त्रिक नेपालको गण्डकी प्रदेश अन्तर्गत पूर्वमा कास्की स्याङजा दक्षिणमा स्याङजा गुल्मी पश्चिममा बागलुङ, उत्तरमा म्याग्दी जिल्ला रहेका छन् । ४९२ वर्ग किलोमिटर क्षेत्रफÞल रहेको पर्बत जिल्लामा पछिल्लो जनगणना अनुसार जनसंख्या १४५५८६ रहेको छ, बढ्दो बसाई सरेको कारण जिल्लाको जनसंख्या घट्दो क्रममा रहेको छ । मुख्य रुपमा बाहुन, क्षेत्रि, मगर, गुरुङ, जातजातिको बाहुल्य रहेको यस जिल्लामा दलित जातिहरुको पनि उल्लेख्य बसाई रहेको छ । मगर,गुरुङ र नेवार जातीको मौलिक सँस्कृति भाषाले यो जिल्लाको सास्कृतिक विविधतालाई झल्काउछ । भौगोलिक रुपमा बिकट जिल्लाको रुपमा रहेपनि ७० प्रतिशत साक्षर रहेका छन् । भौगोलिक र वातावरणीय हिसाबले अत्यन्तै मनोरम रहेको यस जिल्लामा एक केन्द्रिय संसदीय क्षेत्र, दुई प्रदेश संसदीय क्षेत्र रहेका छन् भने, दुई नगरपालिका पाँच गाउपालिका गरी सात स्थानीय तह रहेका छन् । धार्मिक एबम ऐतिहाँसिक रुपमा अतिनै सम्पन्न यो जिल्लामा सेतिबेनीको शालिग्राम शिला, मोदिबेनीको नरसिंह मन्दिर, कुश्माको गुप्तेश्वर गुफा , ज्ञादिको अलपेश्वर गुफा, पाङ्गको भुवनेश्वर गुफा, चुवाको लालेश्वर गुफाको साथै डहरे देउराली,सहस्रधारा, धाइरिङ्ग भूमे, मल्लाजकोट, दुर्लुङ्गकोट, पैयुकोट, खौलाकोट, लिमिकोट, देउपुरकोट, लुंखुको महाशिला,पंचासे (कास्की,स्यांगजा,र पर्वतको सिमाना जोडिने पंचासे प्रसिद्द धार्मिक तथा पर्यटकीय स्थल रहेको तथा रामजा कोट लगायतका धार्मिक एबम ऐतिहसिक स्थान रहेका छन् ।नेपाल को बिकास र प्रबर्द्दन मा टेवा पुर्याउन सम्बृद्ध पर्बत अभियानमा पर्बत जिल्ला घर भै हाल विश्वको कुनै पनि देशमा बसोबास गर्ने नेपालिहरुले जिल्ला मा स्वास्थ्य ,शिक्षा ,र परोपकारी कार्यमा समस्याहरुसँग सम्झौता गर्दै कला, संस्कृति, इतिहास र विविध क्षेत्रको अध्ययन तथाअनुसंधान गरी जीवन्त राख्नुका साथै जगेर्ना गर्न । कला, अनुभव तथायोग्यताको कदर गरी इमानदारिता र व्यक्तित्वको विकास गर्न । आधुनिक तथा वैज्ञानिक शिक्षाको अध्ययन गरी अतिरिक्त व्यक्तित्व विकासमा प्रोत्साहन रटेवा पु¥याउदै लैजान एवं आफूमा रहेको प्रतिभाको विकास गर्न । विश्व मा रहेका पर्वते हरुलाई परेका समस्याहरुको पहिचान गरी सहयोग गर्नेअभिप्रायले, कुनै राजनैतिक वा व्यापारिक लाभ नलिई जातीय भेदभावरहित, धार्मिक सहिष्णु ुताका साथै विशुद्घ सामाजिक सेवा गर्ने उद्देश्यलेअभिप्रेरित भई सामाजिक सेवा गर्न वाञ्छनीय भएकोले पंजीकृत सवै सदस्य संस्थावाट समावेशी र समानुपातिक आधारमा मनोनित प्रतिनिधीहरु पार्सद रहने गरि एक साझा संस्थाको रुपमा अन्तराष्ट्रिय पर्वत समाजलाई विकास गरि आजको मिति वि.स २२÷०६÷२०७६ अर्थात इं.स. ९ अक्टोवर २०१९ विहिवारका दिनवाट "सम्बृद्ध पर्बत निर्माण, हाम्रो अभियान" सहित यस सस्थाको स्थापना र संचालन गर्न यो प्रथम संशोधित बिधान २०७६ पारित गरिएको छ ।

परिच्छेद–१

प्रारम्भिक

१, संस्थाको नाम कार्यालय तथा प्रारम्भ
१. १ सस्थाको नाम ग्लोबल पर्बत समाज ( अन्तरास्ट्रिय पर्बत समाज) रहने छ।

सस्थाको नाम अंग्रेजीमा INTERNATIONAL PARBAT SAMAJ रहने छ। छोटकरीमा IPS बुझिनेछ .

१.२ संस्थाको कार्यालय
यस संस्थाको केन्द्रियकार्यालय हाल लण्डनमा रहने छ । साथै नेपालको पर्वत कुश्मामा पनि रहेको छ र आवश्यकता महशुस भएमा अन्य स्थानमा कार्यसमितिले कुनै पनि स्थानमा सम्बन्धित निकायको स्वीकृती लिएर शाखा तथा उप शाखा समेत खोल्न सकिने छ ।
१.३ प्रारम्भ
यो विधान संस्था स्थापनाको घोषणा सँगै सन् २०१७ मा लागू गरिएको हो । भने, यो संसोधित विधान केन्द्रिय समितिको दुई तिहाई बहुमतले अनुमोदन भएको दिनदेखी लागू गरिने छ ।
२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा
२.१ संस्था भन्नाले अन्तरराष्ट्रिय पर्वत समाजलाई जनाउने छ ।
२.२ समाज भन्नाले अन्तराष्ट्रिय पर्वत समाजलाई जनाउने छ ।
२.३ विधान भन्नाले अन्तरराष्ट्रिय पर्वत समाजको संसोधित विधान २०१९ लाई जनाउने छ ।
२.४नियमवली भन्नाले यस विधान अन्तर्गत बन्ने आचारसंहिता तथा विनियमलाई जनाउने छ ।
२.५ स्थानिय अधिकारी भन्नाले संस्था दर्ता गर्ने अधिकारीलाई सम्झनु पर्दछ ।
३) संस्थाको लोगो छाप र लेटरप्याड :
अन्तरराष्ट्रिय पर्वत समाजको आफ्नो लोगो तथा छाप अनुसूची १,२,३ मा उल्लेख भए अनुसार हुने छ ।
परिच्छेद – २
४. उद्देश्य तथा कार्य :
४.१ यो संस्था मुनाफारहित र जनहितकारी हुने ।
४.२ पर्वतेलीहरुको देश तथा विदेशका अन्य क्षेत्रमा रहनु भएकाहरुको सवै कुराको डाटा संकलन गर्ने र सबैलाई संगठित गराउने एवं यसको तथ्य सकलन गरि प्रकाशन, वितरण गर्ने ।
४.३ पर्वत जिल्लाको जनतालाई सहयोग हुने तत्कालिन र दिर्घकालिन योजना अनुरुप स्वाश्थ्य, शिक्षा र सामुदायिक क्षेत्रमा सेवामुलक तथा आयमुलक दुइ प्रकारका योजनाहरु अलग अलग वनाई जनताको जीवनस्तर अभिवृद्धि र आवश्यकतापूर्ति गर्नका लागि एकजुट भई काम गर्ने र गर्न प्रोत्साहित गर्ने ।
४.४ सस्थामा हुनु भएका सदस्यहरु तथा आवद्धतामा रहनु भएका व्यक्तिहरुका लागि स्वावलम्बनको परस्पिरिका सहयोग र मितव्ययिताको भावना सिर्जना गर्ने र सामाजिक दायित्वको अभिवृद्धि गर्ने ।
४.५ नेपाली समुदायको आर्थिक तथा सामाजिक जीवनस्तर उठाउने,
४.६ सामुदायिक सोच, सिद्धान्त र भावना अनुसार सामुहिक हित हुने गरी कार्य गर्ने,
४.७ पर्वत जिल्ला तथा अन्य क्षेत्रका विविध किसिमले बसोबास वा कामकाज गर्ने नेपालीहरु जो विविध प्रकारले विपत्तिमा परेका नेपालीहरुलाई सामुहिक प्रयत्नबाट सहयोग गर्ने ।
४.८ संस्थामा आवद्ध सम्र्पुण सदस्य तथा शुभचिन्तक बाट प्राप्त गरेका विविध क्षेत्रका चन्दा सहयोगबाट संकलित हुन आउने रकम अल्पकालिन र दिर्घकालिन कार्यको योजना वनाई यस प्रयोजनको लागि संस्थाले निर्धारण गरेको कार्यविधी र प्रक्रियालाई अवलम्बन गरि कार्यन्वयन गर्ने ।
४.९ पर्वत जिल्लाका देश तथा विदेशमा रहनु भएका महानुभावहरु यस संस्थामा प्रक्रियागत रुपमा तथा आवश्यकताको आधारमा विश्वव्यापी रुपमा संजाल निर्माण गर्ने ।
४.१० चेतनामुलक तथा सामाजिक विकासका कार्यक्रमहरुमा अग्रसर वनाउन विभिन्न तालिम, गोष्ठी तथा सेमिनारहरु आयोजना निशुल्क संचालन गर्ने साथै सामाजिक संघ संस्थाहरुसंग भातृत्व सम्बन्धको विकास गरि सामाजिक विकासका कार्यक्रमहरुमा आपसी सहयोग आदान प्रदान गर्ने ।
४.११ अन्तराष्ट्रिय पर्वत समाजको आजिवन सदस्य कुनै पनि अप्रिय घटना भएमा पारिवारिक अवस्थाको मुल्याङ्कन गर्दै कम्तीमा पनि १ लाख उसको परिवारलाई सहयोग गर्ने ।

४.१२ अवस्थित देशमा रहेका सदस्य संस्थाहरु विशुद्ध सामजिक संस्थाको नामकरण गर्नेमा पहल गर्ने ।
४.१३ सदस्य सस्थालाई IPS को साधारण र आजिबन सदस्य बनाउने अधिकार सस्थाको बिधानको परिच्छेद ३ दफा ६ को उपदफा १ र ३ बमोजिम रहने छ।

४.१४ सदस्य संस्थाले आजिवन सदस्य बनाएर पूर्ण शुल्क केन्द्रमा बुझाउनु पर्ने ।
५. संस्थाको उद्धेश्य प्राप्त गर्न गरिने कामहरु :
यस संस्थाको उपरोक्त उद्धेश्य पाप्त गर्न देहायका कामहरु गर्ने छ ।
५.१ संस्थाले प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरि उद्धेश्य कार्यन्वयन गर्ने छ ।
५.२ संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिन सक्ने छ र कार्यालय प्रयोजनका सामाग्री तथा साधन खरिद गर्न वा भाडामा लिई प्रयोग गर्ने छ ।
५.३ संस्थालाई आवश्यक पर्ने कर्मचारी कार्यसमितिको पुर्ण बैठकले नियुक्ति गर्ने छ र तिनको सेवाका शर्तहरुका लागि कार्य्विधि अनुरुप हुने छ ।
५.४ संस्थामा प्राप्त रकम वैंकिङ सिष्टममा रहने छ र यसका लागि वैक खाता संचालन गर्ने छ ।
५.६ संस्थाले अचल सम्पति आर्जन गर्न सक्नेछ तर विक्री गर्नु पर्ने भएमा कारण खुलाइ नियम सम्बत तवरले कार्यसमितिमा छलफल भई साधारण सभामा पेश गर्ने र साधारण सभाले निर्णय गरे अनुरुप हुने छ ।
५.७ सस्थाको संचालन प्रक्रिया यसको निर्धा्रित नियम र विनियमको आधारमा हुनेछ
परिच्छेद —३
६) सस्थाको संरचना र सदस्यताको वर्गिकरण ः
यस संस्थामा ४ प्रकारका देहाय बमोजिम सदस्यहरु रहनेछन ।
६.१ साधारण सदस्य ः
अन्तराष्ट्रिय पर्वत समाजको विधान बमोजिम कार्य गर्न इच्छुक दफा अनुसार योग्यता पुराई आवेदन दिएमा कार्यकारी समितिको निर्णयवाट समाजको साधारण सदस्य प्रदान गर्न सकिने छ । विधानमा उल्लेखित सदस्य शुल्क नेपाली १५०० –अक्षरुपी प्रन्ध सय ) रुपैयाँ संस्थालाई बुझाउनु पर्नेछ । साधारण सदस्यले हरेक दुई बर्षमा आफ्नो सदस्यता नविकरण गर्नु अनिवार्य गरिएको छ ।
६.२ संस्थापक सदस्य ः प्रथम भेलावाट पारित हुँदै विधान समितिले पूर्णता दिएको कार्य समिति, सल्लाहकार एवम् संरक्षक संस्थापक सदस्य रहने छ । संस्थापक सदस्यहरुको नामवली निम्न लिखित रहने छ ।

पद नाम थर हस्ताक्षर
प्र। संरक्षक श्री हितकाजी गुरुङ
संरक्षक श्री कुल आचार्य
संरक्षक श्री अर्जुन कुमार श्रेष्ठ
संरक्षक श्री गोबिन्द सुबेदी
संरक्षक श्री शन्तोष जोशी ९सुभाष ०
संरक्षक श्री दुर्गा प्रसाद श्रेष्ठ
संरक्षक श्री महेश श्रेष्ठ
संरक्षक श्री रवि लामिछाने
संरक्षक श्री मोहन शर्मा
सल्लाहकार श्री पुष्प तिमिल्सिना
सल्लाहकार श्री गोविन्द प्रसाद गौतम
सल्लाहकार श्रीमति शितल भुर्तेल
सल्लाहकार श्री ठाकुर प्रसाद शर्मा

सल्लाहकार  श्री अर्जुन श्रेष्ठ
सल्लाहकार  श्री रामेश्वर गौतम
सल्लाहकार  श्री यामलाल सुवेदी
सल्लाहकार  श्री नारायण गुरुङ
सल्लाहकार  श्री एक बहादुर मल्ल
सल्लाहकार  श्री सुवर्ण हमाल
सल्लाहकार  श्री हिराबल गुरुङ
सल्लाहकार  श्री सुरेन्द्र भुसाल
सल्लाहकार  श्री केदार जोशी
सल्लाहकार  श्री खड्क के सी
सल्लाहकार  श्री कृष्ण तिवारी
सल्लाहकार  श्री प्रसाद गुरूङ°
सल्लाहकार  श्री बालेन्द्र गुरुङ
सल्लाहकार  श्री मेख गुरूङ°
सल्लाहकार  श्री ग्याम गुरुङ
सल्लाहकार  श्री प्रेमकाजि गुरुङ
सल्लाहकार  श्री गंगा भुषाल
सल्लाहकार  श्री ओम् गुरुङ
सल्लाहकार  श्री नारायण सूबेदी
सल्लाहकार  श्री विद्या गुरुङ
सल्लाहकार  श्री सन्तोष गुरुङ
सल्लाहकार  श्री हरिओम प्रधान
सल्लाहकार  श्री आर के भण्डारी
सल्लाहकार  श्री रुद्र बहादुर गुरुङ
सल्लाहकार  श्री दिनेश तिमिल्सिना
सल्लाहकार  श्री चिन्तामणि पौडेल
सल्लाहकार  श्री बालकृष्ण अधिकारी
सल्लाहकार  श्री गगा भुसाल
सल्लाहकार  श्री ईन्द्र प्रसाद शर्मा
सल्लाहकार  श्री गोपि चन्द्र भुसाल
सल्लाहकार  श्री प्रकाश पौडेल
सल्लाहकार  श्री ईशा गुरुङ
सल्लाहकार  श्री एक बहादुर पुन
सल्लाहकार  श्री नारायण कोने गुरुङ
सल्लाहकार  श्री नारायण प्रसाद गुरुङ
सल्लाहकार  श्री छविलाल भट्टराई
अधक्ष्य श्री पुरन  गिरी
उपाध्यक्ष श्री झलक केसी
उपाध्यक्ष श्री परशुराम पौडेल
उपाध्यक्ष श्री दिपिका भुषाल
उपाध्यक्ष श्री ईश्वर जोशी
उपाध्यक्ष श्री गोविन्द पौडेल
महासचिव श्री गुणराज शर्मा
सचिव श्री सुजन जोशी

सचिव श्री सागर सुवेदी
सचिव श्री मणि प्रसाद भुर्तेल
कोषाध्यक्ष श्री भरत पौडेल
सह(कोषाध्यक्ष श्री बिनोद पुरि
सदस्य श्री दधि आचार्य
सदस्य श्री कमल लामिछाने
सदस्य श्री सूमन लम्साल
सदस्य श्री विकास लामिछाने
सदस्य श्री रामचन्द्रछेत्री पदम
सदस्य श्री श्याम सुबेदी
सदस्य श्री रुद्र लम्साल
सदस्य श्री नारायण शर्मा पौडेल
सदस्य श्री नर रोका
सदस्य श्री सूशीला बाँनीया रोका
सदस्य श्री विश्नु प्रसाद पोख्रेल
सदस्य श्री याम भण्डारी
सदस्य श्री रघु शर्मा
सदस्य श्री सन्तोष पौडेल
सदस्य श्री अनन्त लामिछाने
सदस्य श्री जनक  सुबेदी
सदस्य श्री सबिन्द्र श्रेष्ठ
सदस्य श्री शेषराज तिमिल्सिना
सदस्य श्री राम शर्मा
सदस्य श्री कृष्ण घतान सुनार
सदस्य श्री राम कृष्ण शर्मा
सदस्य श्री बिक्रमजंग कुवर
सदस्य श्री राज कुमार मल्ल
सदस्य श्री राम शर्मा
सदस्य श्री बिजय शर्मा
सदस्य श्री नेत्र आले।
सदस्य श्री किरन पुन
सदस्य श्री पारस गौतम
सदस्य श्री दुर्गा गुरुङ
सदस्य श्री टिकाराम आचार्य
सदस्य श्री दुर्गा खोताने
सदस्य श्री मुना भुसाल

६.३ आजिवन सदस्य ः अन्तराष्ट्रिय पर्वत समाजको विधान बमोजिम कार्य गर्न इच्छुक दफा अनुसार योग्यता पुराई आवेदन दिएमा कार्यकार्य समितिको निर्णयवाट समाजको आजिवन सदस्य प्रदान गर्न सकिने छ । विधानमा उल्लेखित सदस्य शुल्क नेपाली १०,००० –अक्षरुपी दश हजार) रुपैयाँ संस्थालाई बुझाउनु पर्नेछ ।  यसका लागि पहिले दफा ६ को उपदफा १ बमोजिम साधारण सदस्यता अनिवार्य लिएको हुनुपर्ने छ ।

६.४ मानार्थ सदस्य ः उपयुक्त ठहर गरेका विशिष्ट समाजसेवा तथा प्रतिष्ठित स्वदेशी तथा विदेशी नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सकिने छ  तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

६.५ सल्लाहकार समिति ः यस समाजको मर्म र उद्धेश्यलाई हरेक गतिविधिमा सल्लाह सुझाब र सहयोग गर्न सल्लाहकार समिति रहने छन । सल्लाहकार समिति अधिकतम २१ सदस्यीय बनाउने। सोहि समितिबाट कार्यसमितिले एक जना सल्लाहकार समिति संयोजक नियुक्त गर्नेछ।

६.६ संरक्षक परिषद=सस्थाको नवनियुक्त कार्यसमितिले सम्रक्षक परिषद गठन गर्ने । सस्थाको निबर्तमान अधक्ष्य प्रमुख सरक्षक रहनुहुनेछ। सम्रक्षक परिषदमा प्रमुख सरक्षक र सम्रक्षक गरि अधिकतम ९ सदस्यीय रहनेछ।

६.७ काउन्सिल परिषद[[]{=नवनियुक्त कार्यसमितिले सस्थाको मार्गदर्शनको लागि काउन्सिल परिषद गठन गर्नेछ। यस काउन्सिल परिषदको संयोजक निबर्तमान प्रमुख सम्रक्षक रहने। काउन्सिल परिषद सदस्यमा प्रमुख सम्रक्षक, सल्लाहकार समिति संयोजक,अधक्ष्यको साथै एकजना सदस्य कार्यसमितिले नियुक्त गरि अधिकतम पाच सदस्यीय हुनेछ । सस्थाको उच्चतम निकाय काउन्सिल परिसद रहने। सस्थाको कार्यसंचालनमा आउने बिभिन्न ब्यबधानहरु समाधान गर्ने अधिकार काउन्सिल परिसदलाइ रहने छ।
६=८ यस समाजले संस्थाको उद्धेश्य पुरा गर्न विबिध गतिविधि संचालनार्थ विभिन्न समिति र उपसमितिहरु बनाउन सक्ने छ ।
७= सदस्यता प्राप्तीका लागि आवश्यक योग्यता ः यस संस्थाको सदस्यता प्राप्तीका लागि देहाय बमोजिमको योग्यता हुनु पर्ने छ ।
क) पर्वत जिल्लामा जन्म भई (साथै पुर्खेली घर तथा बसोवास पर्वत भएका) हाल विश्वको कुनै पनि ठाउमा बसोबास, व्यावसाय तथा रोजगारी गरिरहेको नेपाली अथवा गैर आवासिय नेपाली भएको हुनु पर्ने साथै पर्वत जिल्लामा जन्म भएको वा रहेको सम्वद्ध व्यातिmको वुवा,आमा तथा वाजे पर्वत जिल्लामा जन्म भई वसाईं सराइ गरेको प्रमाणका आधारमा नयां पुस्ताले यस संस्थामा सदस्यता लिनका लागि सेवा गर्नका लागि प्रतिवद्धता र तत्परता जाहेर गर्नुपर्ने ।
ख) १८ वर्ष उमेर पुगेको हुनुपर्ने,
ग) नैतिक पतन देखिने, फौजदारी अभियोग र भ्रष्टचारीको अभियोगमा सजाय नपाएका हुनु पर्नेछ ।
८) संस्थाको सदस्य नियुक्ति हुन वा वहाल रहन नसक्ने अबश्था ः
क.पर्बतबासि वा पुर्खौली घर पर्बत नभएमा।

ख.चिकित्सकबाट मानसिक स्वास्थ्य ठिक नभएको प्रमाणित भएमा।

ग.कुनैपनि प्रकारको फौजदारी अभियोग प्रमाणित भएमा वा कुनैपनि फौजदारी अभियोगको कसुरदार भई सजाय भोगेको व्यक्ति।

घ.सम्बन्धित सस्थाको हित बाझिने कार्यमा संलग्न भएको व्यक्ति।

ङ) सदस्यता शुल्क बुझाउन वांकी भएको ।
९) सदस्यताको समाप्ती ः
क) दफा ८ बमोजिम सदस्य पदमा नियुक्ति हुन नसक्ने भएमा ।
ख) साधारण सभाबाट दुई तिहाइ बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास गरेमा ।
ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा वा मुत्यु भएमा ।
घ) संस्थाको काम कारबाहीमा बेइमानी वा वदनियत गरेको कुरा अधिकारप्राप्त निकायबाट प्रमाणित भएमा ।
ङ) संस्थाको अहित हुने कुनै कार्य गरेको भएमा, तर त्यस्ता आरोप लागेका व्यतिmलाई सो कुराको सुचना दिई सफाईको सवुद पेश गर्ने मौका दिनुपर्ने छ ।
च) लगातार विना सुचना तीन पटकसम्म वैठकमा अनुपस्थित भएमा ।
१०) सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि ः

क) साधारण सदस्य ः साधारण सदस्य हुनका लागि निर्धारित ढाँचा र शुल्क बुझाएर गर्न सकिने छ । ढाचा र शुल्क कार्यसमितिले गरेको निर्णय अनुसार तय हुने छ र तोकिएको प्रक्रिया अर्को कार्यकालमा तलमाथि हुन सक्ने छ ।
ख) सदस्यता नविकरण तथा सदस्यता स्वरुप लाग्ने शुल्क ः हरेक निर्वाचन अथवा समझदारी र सहमति अनुरुप बन्ने नयां कार्यसमिति बन्नु भन्दा अगावै गरिसक्नु पर्ने छ ।
ग) संस्थापक पदाधिकारी, सदस्यहरु तथा कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुको शुल्क स्वरुपको रकम पद अनुरुप हुने छ र सो रकम कार्यसमितिले निर्धारण गरे बमोजिम हुनेछ ।
घ) आजिवन सदस्य बन्नका लागि संस्थामा एकमुष्ठ नेपाली रु १०,००० दश हजार रुपियाँ बुझाई तोकिएको प्रकृया अन्तरगत आवेदन दिने व्यतिmहरुलाई कार्यसमितिको निर्णयले आजिवन सदस्यता प्रदान गर्न सक्ने छ ।
ङ) मानार्थ सदस्यहरुको हकमा संस्थाको कार्य समितिले सल्लाहकार समिति संग परामर्श गरि संस्थाको पुर्ण वैठकबाट छलफल र निर्णय गरि संस्था प्रति गरेको योगदानको आधारमा अधिवेशनबाट अनुमोदन गर्ने गरि वा अधिवेशनको समयमा पनि सदस्यता प्रदान गर्न सक्नेछ तर, शुल्क लाग्ने छैन । मानार्थ सदस्यहरुलाई निर्वाचनमा भाग लिन र मताधिकार रहने छैन ।
परिच्छेद ४
११) साधारण सभाको वैठक ः
१० संस्थाको विधानको दफा ६ (घ) अनुसार सदस्यता प्रदान गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरुबाट संस्थाको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।
२) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।
क) वार्षिक साधारण सभा ः १ वर्ष ६ महिना भित्रमा एक पटक वार्षिक साधारण सभा वस्नेछ ।
ख) विषेश साधारण सभा स् संस्थाको कुल सदस्य संख्याको एक चौथाई सदस्यहरुले कारण जनाई विषेश साधारण सभा माग गरेमा विषेश साधारण सभा कार्यसमितिले कम्तिमा ३० दिन भित्र अनिवार्य रुपमा वोलाउनु पर्दछ तर साधारण सभा वा विशेष सभा वसेको ६ महिना भित्रमा पुनः विशेष सा धारण सभा वस्न सक्ने छैन ।
३) यस संस्थाको प्रथम वार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको मितिले २ दुइ महिना भित्र गरिनेछ ।
४) यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तिमा ४५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा २१ दिन अगावै सभा हुने ठांउ,समय र छलफलका विषय खोली सवै साधारण सदस्यहरुलाई सुचना दिइनेछ ।
५) उपनियम ९४० बमोजिम बोलाइएको साधारण सभामा चाहिने। बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा वोलाइनेछ ।
६) साधारण सभा र विशेष साधारण सभाको लागि छुट्टाछुट्टै निर्णय पुस्तिका राखिने छ ।
१२) साधारण सभाको काम कर्तव्य र अधिकार ः
क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक वजेट पारित गर्ने ।
ख) लेखापरिक्षकबाट प्राप्त भएको वार्षिक लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरि अनुमोदन गर्ने र प्रतिवेदनमा देखिएका अनिमियमित वेरुजु रकमहरु माथि छलफल गरी वेरुजु रकमहरु असुल उपर गरि फछ्यौट गर्नका लागि कार्यसमितिलाई निर्देशन दिने ।
ग) आगामी वर्षको लागि लेखापरिक्षकको नियुतिm तथा पारिश्रमिक तय गर्ने ।
घ) संस्थाको वार्षिक प्रगति विवरण र कार्यहरुको मुल्याङकन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।
ङ) संस्थाको कार्यसमितिका पदाधिकारीहरुको पदावधि पुगेको अवश्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रकृयामा रही निर्वाचन गर्ने ।
च) कार्यसमितिद्धारा पेश भएका विधान शंसोधन,नियम तथा विनियम स्वीकृत गर्ने ,

छ) मानार्थ सदस्यता प्रदान गर्ने ,
ज) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरुको दरवन्दी,पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृत प्रदान गर्ने ।

परिच्छेद ५

(१३) कार्यसमिति र यस सम्बन्धि व्यवस्था

१३.१ साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमका पदाधिकारीहरु सहित सदस्य संस्थाको अध्यक्ष स्वत केन्द्रिय सदस्य बाहेक वढिमा ५१ जना सम्म हुने छ ।

१३.२ केन्द्रिय कार्यकारिणि समितिको संगठनत्मक स्वरुप देहा बमोजिम रहने छ ।

अध्यक्ष– १
बरिष्ठ उपाध्यक्ष–१
उपाध्याक्ष –४ (महिला अनिवार्य)
महासचिव– १
सचिव–३
कोषाध्यक्ष–१
सह–कोषाध्यक्ष–१
प्रवक्ता–१=मनोनित)
प्रान्तीय संयोजक–६ जना रहने यूरोप, एशिया, मध्यपुर्ब ,अफ्रीका, उत्तर अमेरिका, दक्षिण अमेरिका,,नेपाल प्रतिनिधी –१ मनोनित) र अन्य सदस्यहरु २७ ,सदस्य संस्थाको अध्यक्ष स्वत केन्द्रिय सदस्य , सदस्य संस्था नभएका देशका प्रतिनिधी देश सदस्य रहने छन्  भने कार्यसमितिले ५ सदस्य सहित १ नेपाल प्रतिनिधी मनोनित गर्न सक्ने छ । कार्यविधीमा सहजीकरणको लागि अध्यक्षले मनोनितमा नेपाल प्रतिनिधी नियुक्ति गर्न सक्ने छ ।

१३.३ संस्थाको कार्य समितिका पदाधिकारीको पदाधिकारी दुई (२) वर्षको हुनेछ ।

१३.४ आवद्ध संस्थावाट अधिवेशन प्रतिनिधीका लागि अन्तराट्रिय पर्वत समाजको आजिवन वा साधारण सदस्य लिएको हुनुपर्ने छ  वा सदस्य संस्था र प्रतिनिधी देश सदस्यले सिफरिस गरेको हुनुपर्ने छ ।

१३ं.५ वार्षिक साधारण सभा हुनु भन्दा अगावै कुनै कार्यसमितिमा रहेको सदस्यको पद रितm हुन आएमा बांकी अवधिका लागि कार्यसमितिका सदस्यको नियुतिm कार्यसमितिद्धारा बांकी कार्यकाल सम्मका लागि गर्न सकिने छ ।

१३.६ कार्यसमितिको वैठक आवस्यकता अनुसार कार्यसमितिको अध्यक्षले बोलाउने छ  । जम्मा सदस्य संख्याको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले वैठक बोलाउनु पर्नेछ ।

१३. ७ वैठकको गणपुरक संख्या ५१ प्रतिशत हुनुपर्नेछ तर पटक पटक संख्या नपुगेमा साविकको उपस्थितिलाई मान्य गरिने छ ।

१३.८ कार्यसमितिको बैठक कम्तिमा ३ महिनामा एक पटक बस्न सकिनेछ र आवश्यकता अनुसार थप बैठक पनि बस्न सकिनेछ ।

१३.९ संस्थाको प्रस्तावना र उद्देश्य बिपरीत काम गर्ने कुनै पनि सदस्यलाई अनुशासन उपरमा संस्थाले आलोचना, चेतावनी, निलम्बन एवं निस्काशन लगायत आवश्यकत्ता अनुसार कार्वाही गर्नेछ ।

१३.१० अन्तराष्ट्रि पर्वत समाजको विभिन्न विभागिय समितिहरुसमाजले गर्नुपर्ने कार्यहरु उचित सयम र सहि ढंगवाट सुसंचालन तथा सम्पादन गर्नका लागि केन्द्रिय समितिका सदस्यहरुको संयोजकत्वमा आवषेक नियमवली सहित देहा बमोजिमका समिति तथा विभागहरु गठन गर्न सकिने छ ।

– केन्द्रिय सचिवलय

सचिवालयमा कार्यसमितिका  सस्थाका सम्पूर्ण पधाधिकारी (अधक्ष्य,बरिस्ट उपाधक्ष्य, उपाधक्ष्यहरु , महासचिव, सचिवहरु, कोशाधक्ष्य, सहकोशधक्ष्य , प्रबक्ता, क्षेत्रिय संयोजक एबम सदस्य सस्थाका अधक्ष्य र नेपाल प्रतिनिधि रहनेछन )

– सल्लाहकार समिति
–संगठन विस्तार तथा प्रशिक्षक समिति
–अर्थ प्रवद्र्धन तथा लेखा परिक्षण समिति
–कल्याणकारी कोष संचालन समिति
–उद्धार तथा कल्याणकारी समिति
–साँस्कृतिक तथा खेलकुद समिति
–साहित्य तथा प्रशान समिति
–जनचेतना तथा प्रशिक्षण समिति
–मैत्री सम्बन्ध विकास तथा प्रर्वद्धन समिति
–पर्यटन पर्वद्धन समिति
–कार्यव्यवस्थापन समिति
–महिला विकास समिति

१३.११- समाजलाई संस्थागत बिकास तथा उद्देश्यमुलक बनाउनको लागी योजना र योजनाकारहरुको भूमिका अपरिहार्य हुने भएकोले कार्यसमितिले ,कार्यसमिति सदस्य  बाहेककाकुनै एकको सभापतित्वमा बढीमा ५ जनाको समिति गठन गर्ने छ रआउने नयाँ कार्यसमितिले अनुमोदन गराउने गरि यसको कार्यकाल ५ बर्ष को रहने छ ।बार्षिक साधारण सभामा योजना प्रतिबेदन प्रस्तुत गर्नु पर्नेछ । योजनाबिद हुनयोग्य ब्यक्तिहरु ः

क) विभिन्न संघ संस्थामा काम गरेका अनुभबी प्राज्ञहरु

ख) बौद्दिक तथा प्राज्ञिक व्यक्तित्वहरु

ग) योजना सम्बन्धि बिज्ञहरु

योजना-

क) लघु योजना

कार्यसमितिले आवस्यक ठानेमा योजनाबिदहरुको सल्लाह लिन सक्ने छ अन्यथा प्रत्यक्ष योजना कार्यवन्यन गर्न सक्ने छ ।

ख) दीर्घकालिन  योजना

योजनाबिदहरुको सहमतीमा मात्रै कार्यसमितिले योजना कार्यवन्यन गर्न सक्नेछ ।

(१४) संस्थाको कार्यसमितिको काम, कर्तव्य र अधिकार ः
क) संस्थाको आगामी वर्षको कार्यक्रम तथा अनुमानित वजेट वनाई साधारण सभामा प्रस्तुत गर्ने,
ख) संस्थाको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने ,
ग) साधारणसभा प्रति उत्तरदायी रहने,
घ) संस्थाको कार्य सम्पादन गर्न कार्ययोजना बनाउने,सुपरिवेक्षण र अनुगमन गर्ने ,
ङ) संस्थाको कोष र सम्पति सुरक्षित तरिकाबाट राख्न लगाउने र वैंक खाता खोली वैंकिङ्ग पद्धति लागु गर्ने,
च)संस्थाको कर्मचारीहरुको सेवा शर्त सुविधा सम्बन्धि कर्मचारी नियमावली बनाई साधारण सभा बाट स्वीकृती गराइ लागु गर्ने गराउने ,
१५. पद त्याग गर्न सक्ने ः

अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछ ।

परिच्छेद ६

१६.पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार ः

क) अध्यक्ष ः

१) संस्थाको बैठक अध्यक्षता र साधारण सभाको अधिवेशनको अध्यक्षता गर्ने , कार्यसमिति र साधारण सभामा मत विभाजन भई बराबर भएमा निर्णायक मत दिने ,

२) संस्थाको लागि अग्रता तथा प्रमुख भूमिका निर्वाह गर्ने,

३) संस्थाको निरन्तर अनुगमन तथा निरिक्षण गर्ने ।

४) संस्थाको हित हुने गरि विभिन्न संघ संगठनसंग सम्र्पक तथा समन्वय कायम गर्ने ।

५) अभिलेख प्रमाणित गर्ने,  बैठक बोलाउने तथा निर्णयक मत दिने ।

६) संस्थालाई अग्रगतिमा लैजाने कार्यक्रमहरु पेश गर्ने तथा त्यसलाई कार्यन्वयन गर्ने गराउने ।

७) संस्थाको कार्य प्रगतिको प्रतिवेदन पेश गर्ने ।

(ख) उपाध्यक्ष ः  १. अध्यक्षको अनुपस्थितिमा अध्यक्षताकोजिम्मेवारी बहन गर्ने ।

२) संस्थाको उद्धेश्य पुरा हुने अन्यकार्य गर्ने,

३)अध्यक्षलाई सहयोग गर्ने तथा दिएको जिम्मेवारी पुरा गर्ने,

ग) महासचिव स्

१) संस्थाको सचिवालयको रेखदेख र संचलन गर्ने तथा कार्यसमितिको बैठक संचालन गर्ने ,

२) अध्यक्षको परामर्शमा कार्यसमितिमा साधारण सभाको वैठक बोलाउने र वैठकका लागि छलफलका विषयहरुको सुची तयार गर्ने ,

३) अभिलेख सुरक्षित राख्ने, (४) कर्मचारीहरुलाई नियुतिm गर्नुपर्ने भएमा सो प्रस्ताव कार्यसमितिमा पेश गर्ने,

५)संस्थाको गतिविधिबारे प्रकाश पार्ने,

६) साधारण सभा समक्ष प्रतिवेदन पेश गर्ने,

७) संस्थाको उद्धेश्य पुरा हुने अन्य कार्य गर्ने,

घ) सचिव स्

१) महासचिवको अनुपस्थितिमा बैठक संचालन गर्ने तथा अन्य काम गर्ने

२) संस्थाको उद्धेश्य पुरा हुने अन्य कार्य गर्ने ,

ङ) कोषाध्यक्ष स्

१) संस्थाको कोषको  रेखदेख र संचालन गर्ने ,

२) साधारणसभामा वार्षिक कार्यक्रम र वजेटपेश गर्ने ,

३) लेखा दुरुस्त राख्ने,

४) संस्थाको आम्दानी वृद्धिका लागि सकृय रहने तथा संस्थाको आर्थिक  कारोवार सम्वन्धि मामलामा चल अचल सम्पतिको रेखदेख गर्ने र प्रवद्र्धन गर्न योजना बनाउने ,

५) संस्थाको उद्वेश्य पूरा हुने अन्य कार्य गर्ने ।

च) सहकोषाध्यक्ष स्

१) कोषाध्यक्षको अनुपस्थितिमा कोषको रेखदेख र संचालन गर्ने,

२) संस्थाको आम्दानी वृद्धिका लागि सकृय रहने तथा संस्थाको आर्थिक  कारोवार सम्वन्धि मामलामा चल अचल सम्पतिको रेखदेख गर्ने र प्रवद्र्धन गर्न योजना बनाउने,

३) संस्थाको उद्वेश्य पूरा हुने अन्य कार्य गर्ने ।

छ) सदस्य स्

१)समितिको वैठकमा सकृय सहभागिता जनाउने,

२) संस्थाको कार्यमा रचनात्मक भुमिका निर्वाह गर्ने,

३)  संस्थाको उद्धेश्य पुरा हुने अन्य कार्य गर्ने,

४) कार्यसमितीले तोकेको कार्यहरु गर्ने ।
७) गणपुरक संख्या स्
क) कुल सदस्य संख्याको ६० प्रतिशत को प्रतिनिधित्व हुने गरि साधारण सभाको काम कारवाही हुने छैन तर विधानमा उल्लेख भएबमोजिम पुनः वोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत भएमा सभा गर्न वाधा पर्नेछैन ।
ख) दोश्रो पटक गणपुरक संख्या नपुगी तेश्रो पटक बोलाइएको साधारण सभामा उपस्थित संख्या नै गणपुरक मानिनेछ ।
८) आर्थिक व्यवस्था स्
१) संस्थाको आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन ।
क) सदस्यता बापत प्राप्त रकम र सदस्यता शुल्क रकम,
ख) कसैले स्वइच्छाले दिएको अनुदान,सहायता वापत प्राप्त रकम,
ग) संस्थाको चल अचल सम्पति वा अन्य बस्तुको बिक्रीबाट प्राप्त रकम,
घ) सरकारी निकाय बाट प्राप्त सहयोग,दान वा उपहार ,
ङ) विदेशी संस्था, व्यक्ति वा अन्य संघ संस्थाबाट सहयोग वापत प्राप्त रकम आदि,
च) संस्थाले गर्ने विभिन्न कार्यक्रम बाट जम्मा भएको रकम,
९) खाता संचालन स्
संस्थाको अध्यक्ष,महासचिव र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ । कार्यसमितिले बनाएको योजना संचालनको लागि कार्य्विधि तय गरि सो अनुरुप योजनाहरु संचालन गरि खर्च गरिने छ ।
२) कोषको रकम खर्च गर्ने विधि स् संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाईने छ ।
क) संस्थाको वार्षिक वजेट योजना र कार्यक्रम स्वीकृती नगरी कोषबाट खर्च गर्न सकिने छैन ,
ख) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ ,
ग) कोषको रकम खर्च गर्दा आबश्यकता बमोजिम खर्च गर्ने तर यदि कुनै पदाधिकारीबाट मनोमानित खर्च तथा तजविजले कसैलाई सहयोग गरिएको पाइएमा प्रचलित कानुन बमोजिम आर्थिक अप्रचलनको मुद्धामा कारवाहीको लागि साधारण सदस्यहरुको बैठक बाट निर्णय गराई कानुन बमोजिमको कारवाही गरि संस्थाको रकम असुल उपर गरिने छ ।
२) संस्थाको लेखा र लेखा परिक्षण स्
१) संस्थाको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ,
२) संस्थाको लेखापरिक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखा परिक्षकबाट हुनेछ ,
३) लेखापरिक्षकको नियुक्ति बार्षिक साधारणसभाबाट हुनेछ तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परिक्षकको नियुक्ति कार्यसमितिबाट हुनेछ ,
४) लेखा परिक्षणको प्रतिवेदन र कार्य प्रगति स्थानिय सरकारी कार्यालयमा पठाइनेछ ।
परिच्छेद –७
निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्वन्धि व्यवस्था
२२) निर्वाचन सम्वन्धि व्यवस्था ः
क) यस संस्थाको कार्यसमितिको निर्वाचन गर्नका लागि कार्यसमितिले ५ जना निर्वाचन अधिकृत नियुतिm गर्नेछ । सोही निर्वाचन समितिले निर्वाचन कार्य सम्पन्न गर्ने छ ।
ख) विश्वभरि छरिएर रहेका संस्थाका सदस्यहरुलाई निर्वाचनको प्रक्रियामा सहभागि गराउनका लागि इलेक्टो प्रविधि वा अन्य विधिबाट निर्वाचनमा भाग लिन पाउने व्यावस्था गराइने छ ।
ग) निर्वाचन सम्वन्धि आबस्यक नियमहरु निर्वाचन समितिले नै तयार गर्ने छ र निर्वाचन समितिले निर्वाचन सम्पन्न गर्न प्रचलित निर्वाचन ऐन तथा नियम बमोजिम गर्नु पर्ने छ ।
घ) कार्यसमितिका चयन गर्ने पद्वति निर्विरोध तथा निर्वाचनको आधारमा गरिने छ ।
ङ) निर्वाचन गोप्य मतदान द्धारा गरिनेछ ।

च) निर्वाचित पदाधिकारीहरुको सपथ ग्रहण पश्चात निर्वाचन समिति स्वत खारेज हुने छ ।
छ) केन्द्रिय समितिमा रहने सम्पूर्ण पदाधिकारीहरु सदस्यहरु सल्लाहकार एवम् संरक्षकहरु अनिवार्य संस्थाको आजिवन सदस्य लिनुपर्ने छ ।
ज) - सदस्य सस्थाले यस सस्थाको अधिबेशनको समयमा नेपाली १०,००० ( दस हजार ) रकम बुझाएर सदस्य सस्था दर्ता गर्नु पर्नेछ। सदस्य सस्थाले आफ्नो मूल सस्थाको अधिबेशनमा तिन जना महाधिबेशन प्रतिनिधि पठाउन सक्नेछ। महाधिबेसन प्रतिनिधिलाई यस बिधान अनुसार सबै मतदान कार्यसमिति सदस्य बन्नेअधिकार रहनेछ। महाधिबेशन प्रतिनिधिको कार्यकाल २ बर्षको रहनेछ।

महाधिबेशन प्रतिनिधिको काम कर्तब्य र अधिकार

1.महाधिबेशनमा भाग लिने,

2.आवस्यकता परेमा मताधिकार प्रयोग गर्ने।

3.नवनियुक्त कार्यसमितिको कार्यकाल भर हुने साधारण सभा,भेला हरुमा प्रतिनिधिको रुपमा सामेल हुन पाउने।

झ= कार्यसमिति गठन.

क. यस सस्थाको अधक्ष्य हुनको लागि  यस विधानको दाफा ६ को उपदफा २ अनुसारका सम्पूर्ण व्यक्ति र यस बाहेकको हकमा सस्थाको कार्यसमिति पधाधिकारीमा रहेर एक कार्यकाल काम गरेको व्यक्ति।

ख.पधाधिकरिको हकमा यस विधानको दाफा ६ को उपदफा २ अनुसारका सम्पूर्ण व्यक्ति र यस बाहेकको हकमा सस्थाको कार्यसमिति रहेर एक कार्यकाल काम गरेको व्यक्ति।

ग.कार्यसमिति सदस्यको हकमा यस विधानको दाफा ६ को उपदफा २ अनुसारका सम्पूर्ण व्यक्ति एबम सस्थाको आजिबन सदस्य वा  सदस्य सस्थाले पठाएका अधिबेशन प्रतिनिधि ।

घ.सस्थाको पधाधिकारीको हकमा एक व्यक्ति एक पद रहने। ( यो दफा सदस्य सस्था साथै एकै उदेस्य भएका सस्थाका पधाधिकारी एबम सदस्यको हकमा लागु हुनेछ। )

ङ.सस्थाको पधाधिकारीमा उमेदवारी दिदा कुनै पनि राजनैतिक, धार्मिक, जातीय सस्थाको कार्यकारी पदमा भएको व्यक्तिले आफुले  उक्त पद छोडेको प्रमाणित हुने कागजात प्रस्तुत गर्नुपर्नेछ।

ञ) सदस्य संस्थाको अध्यक्ष स्वत केन्द्रिय सदस्य रहने छ ।

ट) एक पद एक व्यक्ति हुनुपर्दछ । सदस्य संस्थाको अध्यक्ष स्वत केन्द्रिय सदस्य हकमा यो लागु हुने छैन । )
२३= उम्मेदवार हुन अयोग्यता
यस विधानको कुनैपनि दफा उपदफा बाझिने व्यक्तिको उमेदवारी अयोग्य हुनेछ।
२४= अविश्वासको प्रस्ताव
क) कार्यसमितिको कुनै पदाधिकारी वा सदस्य उपर साधारणसभा कम्तिमा ३५ प्रतिशत सदस्यहरुले अविश्वासको प्रस्ताव राखेमा सो प्रस्ताव उपर छलफलका लागी साधरणसभा नभएका वखतमा विशेष साधरणसभा बोलाइ निर्णय गर्न सकिनेछ । निर्णय गर्दा उपस्थित दुइ तिहाइ बहुमतले निर्णय गनुपर्नेछ । तर अविश्वास प्रस्ताव उपर निर्णय गर्नु अघि अविश्वासको प्रस्ताव प्रस्तावित सदस्य वा व्यक्तिलाई सूचना दिने र सुनवाइको उचित अवसरबाट बन्चित गर्न पाइने छैन ।
यस्तो अबश्थामा सरोकारवाला वा  सम्वद्ध व्यक्ति वा सदस्य माथि परेको उजुरी मनासिफ हो होइन छानविनका लागि छानविन समिति गठन गरि सो समितिको निर्णय बमोजिम हुने छ । उतm समितिले

दोषी ठहर्याएमा पदिय दायित्वबाट स्वत खारेज हुने छ । संस्थाको कुनै गतिविधिमा हानि नोक्सानी गरेको भए प्रचलित कानुन बमोजिम असुल उपर तथा कारबाही समेत हुने छ ।
परिच्छेद ः ८
२५)आर्थिक स्रोत ः
क) संस्थाको आर्थिक स्रोतका रुपका सदस्यता शेयर सदस्यताको रकम , वचत रकम ,प्रकाशन तथा प्रदर्शनी आदिबाट प्राप्त रकमलाई मानिनेछ ।
ख) आर्थिक स्रोत संकलनका लागी कार्य समितिले कोषाध्यक्षको संयोजकत्वमा लेखा समिति निर्माण गर्न सक्ने छ ।
ग) कोष संचालन र आर्थिक हिसाब किताब संचालनका लागी अध्यक्ष ,महासचिव र कोषाध्यक्षका नाममा खाता खोल्न सकिनेछ । उपरोक्त तीन जना मध्ये कोषाध्यक्ष लगायत दुइ जनाको हस्ताक्षरबाट आर्थिक कारोबार गर्न सकिने छ ।
घ) आर्थिक आयब्ययको समग्र प्रक्रिया कार्यकारिणी समितिको निर्णय अनुसार हुनेछ र पूर्ण बैठक र सम्मेलनद्धारा उक्त आम्दानी खर्चको अनुमोदन गर्नुपर्नेछ ।
ङ) कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु वा अन्य कसैबाट मनोमानी ढंगले संस्थाको आर्थिक अप्रचलन गरेको विषयमा ठहर भएमा सम्वन्धित व्यातिmबाट असुल उपर गरिने छ ।
६) विविध
क) यस संस्थामा आवद्ध साधारण सदस्यहरु, कार्यसमिति,सल्लाहकारहरु, संरक्षकहरु संस्थाको प्रस्तावना,उद्धेश्य र मर्मको मर्यादामा रहनु पर्ने छ । संस्थामा जातिय, लैगिंक, क्षेत्रिय,भुगोल,धर्म र पार्टीगत राजनैतिक विचार बाट अभिप्रेरित गर्न गराउन पाईने छैन ।संस्थाको आवद्धतामा रहेर कहि कतै कसैले व्यक्तिगत नाफा र फाइदाको लागि संस्थाको मर्यादा विपरित कृयाकलाप गरेको पाइएमा संस्थाले उक्त व्यक्तिलाई निस्कासन गर्न सक्ने छ ।
ख) यस संस्था संग आवद्ध आवसिय तथा गैर आवासिय नेपाली लाई संसारको कुनै पनि ठांउमा भएका दैविक विपत्ति वा जटिल शंकटमा रहेका व्यतिm र अन्य मनासिफ माफिकको विशेष परिस्थितिको लागि सस्थागत सहयोग गर्नु पर्ने अवश्थामा कार्यसमितिले निर्णय गरि संस्थाको उद्धेश्य बमोजिम गर्न सक्ने छ ।
ग) यस संस्थामा आवद्धता रहनु भएका महानुभावहरुले व्यक्तिगत रुपमा गर्ने सहयोगको प्रतिवद्धतालाई संस्थागत रुपमा विकास गरि लाने र सो को अभिलेख राख्ने ।
घ) संस्थाको प्रस्तावनामा उल्लेखित मुल नारा “संवृद्ध पर्वत निर्माणको लागि सामुहिक अभियान अन्तरगत शिक्षा र स्वास्थ्य क्षेत्रमा गरिने दिर्घकालिन योजना तय गरि संचालन गर्नका लागि संस्थाका तर्पmबाट योजना सम्बन्धि कार्य व्यवस्थित रुपमा सम्पन्न गर्न कार्विधि वनाई प्रचलित कानुन र संस्थाको मर्यादा भित्र रहि गर्नु पर्ने छ, साथै यस्ता योजना पर्वतमा सम्पन्न गर्नका लागि नेपालको केन्द्र,प्रदेश र स्थानिय निकाय र जनताहरु संग समन्वय गरि गरिने छन ।
२७) बिधान संशोधन तथा व्याख्या सम्बन्धि स्
क) विधानको व्याख्या गर्ने अधिकार साधारण सभालाई हुनेछ ।
ख) विधानको कुनै विषयमा थप घट वा संसोधन गर्नु परेमा कार्यसमितिको दुई तिहाइ बहुमतले बिधान संशोधन गर्न सक्नेछ र उक्त संशोधनलाई साधारण सभाको सम्मेलनबाट अनुमोदन गराउनपर्ने छ ।
सपथ
म ..........(आफ्नो नाम) आत्मसाक्षी राखी यो सपथ लिंदैछु कि मैले अन्तराष्ट्रिय पर्वत समाजको केन्द्रिय कार्य समिती अन्तर्गत रहेर संस्थाको बिधान निती नियम सबै पूर्ण रुपमा पालना गर्दै मेरो बर्कतले भ्याएसम्म समाजमा र यस सँग सम्बन्धित क्षेत्रमा इमान्दारिता पूर्वक काम गर्नेछु । यो संस्थामा रहँदा सधैं अनुशासन, नैतिकता, सामाजिक सेवा भावना, अग्रजहरुको सम्मान र संस्थाप्रति म सधैं उत्तरदायी हुने छु र यो संस्थाको गरिमालाई कुनै दिन पनि दुरुपयोग हुने गरी कुनै काम गर्ने छैन, जय पर्वत ।।

अनुसूची- संस्थाको लोगो र छाप यसप्रकार रहनेछ ।